# मछरिहवा मझरी सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया नगरपालिका वडा नं. २, बर्दिया

## गोलिया काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०१/३१ गते बिहीबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ४६४९ मिति २०८३/०१/२८ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **नागरिक राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| MA/22/22-a01-01-2083/01/30-p | समूहको घाटगद्धीमा | १, २, ६, ८, ९ र १० | १ | साल | A | १ | १६.३७ | १२५० | २०४६२.५० | २३९२१७ | |
| | | | २ | साल | B | १० | २४५.३० | ९०० | २२०७७०.०० | | |
| | | | ३ | साल | C | २९ | २६७.४९ | ६०० | १६०४९४.०० | | |
| | | | ४ | साल | D | ३ | २.८४ | ३०० | ८५२.०० | | |
| | | | ५ | अस्ना | A | ३ | ४८.३९ | ४०० | १९३५६.०० | | |
| | | | ६ | अस्ना | B | ८ | ९५.६७ | ३०० | २८७०१.०० | | |
| | | | ७ | अस्ना | C | ११ | ४८.०३ | १०० | ४८०३.०० | | |
| | | | ८ | कर्मा | A | १ | ११.६८ | ४०० | ४६७२.०० | | |
| | | | ९ | कर्मा | B | ४ | ५१.६४ | ३०० | १५४९२.०० | | |
| | | | १० | कर्मा | C | ६ | १९.१८ | १०० | १९१८.०० | | |
| | | | ११ | सिसौं वृक्षारोपण | A | ९ | ७४.१९ | ७०० | ५१९३३.०० | | |
| | | | १२ | सिसौं वृक्षारोपण | B | ४१० | ९५८.१४ | ५०० | ४७९०७०.०० | | |
| | | | १३ | सागवन | A | ३ | २१.९० | ८०० | १७५२०.०० | | |
| | | | १४ | सागवन | B | ५८ | १३०.३३ | ६०० | ७८१९८.०० | | |
| जम्मा | | | | | | ५५६ | १९९१.१५ | | ११०४२४१.५ | २३९२१७ | |
| MA/22/22-a01-02-2083/01/30-p | समूहको घाटगद्धीमा | १, ३, ४ र ५ | १ | खयर | N | १२३ | १०२.०७ | १००० | १०२०७०.०० | १४९९३६ | |
| | | | २ | कुसुम | N | २० | ११२.९९ | १०० | ११२९९.०० | | |
| | | | ३ | तेन्दु | N | ७ | २८.३१ | १०० | २८३१.०० | | |
| | | | ४ | गुटेल | N | ४२ | १५०.५८ | १०० | १५०५८.०० | | |
| | | | ५ | सिमल | N | ४० | ३९५.१४ | १५० | ५९२७१.०० | | |
| | | | ६ | आँप | N | ९ | ४९.९१ | २०० | ९९८२.०० | | |
| | | | ७ | बेल | N | ८ | २१.२३ | १०० | २१२३.०० | | |
| | | | ८ | ईपिलईपिल | N | २० | ६३.१५ | १०० | ६३१५.०० | | |
| | | | ९ | दबदबे | N | १३ | ११७.९२ | १०० | ११७९२.०० | | |
| | | | १० | शिरिष | A | ३ | ४६.५१ | ३०० | १३९५३.०० | | |
| | | | ११ | शिरिष | B | १३ | ७४.१७ | २०० | १४८३४.०० | | |
| | | | १२ | अन्य | N | २७ | ८६.०३ | १०० | ८६०३.०० | | |
| जम्मा | | | | | | ३२५ | १२४८.०१ | | २५८१३१. | १४९९३६ | |

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| MA/22/22-a01-03-2083/01/30-p | समूहको घाटगद्धीमा | | | साल र अन्य मिश्रित जातको दाउरा (२०'x५'x५'को) २.०० चट्टा | | | | ८००० | १६०००.०० | ३३६०० | |
| | | | | अन्य जातको दाउरा (२०'x५'x५'को) २.०० चट्टा | | | | ४००० | ८०००.०० | | |
| | | | | जम्मा | | | | | २४०००.०० | ३३६०० | |

शर्त तथा नियमहरु:

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०२/२० गते बुधबार ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०२/२१ गते बिहीबार ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०२/२२ गते शुक्रबार ख) समयः मध्यान्ह ११:०० बजेसम्म

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **नागरिक राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०१/३१ गते बिहीबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकंमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा नेपाल बैङ्क लिमिटेड, सानोश्री, बर्दियामा रहेको खाता नं. १५१००१०७२५३३३९००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

**बजार**

सुन तोला - २०२,२००
चाँदी तोला - ५७१०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर | १५२.८४ | १५३.४४ |
| युरो | १७९.०२ | १७९.७२ |
| पाउण्ड स्टर्लिङ | २०५.४४ | २०७.२५ |

# सुकुम्बासी बस्तीमा पार्क र नदीको बहाव क्षेत्र बढाउने तयारी

भुवन शर्मा
काठमाडौं वैशाख ३०

सुकुम्बासी बस्ती खाली गरेपछि हटाइएका बस्तीमा पार्क, हरियाली क्षेत्र, करिडोर विस्तार र नदीको बहावक्षेत्र बढाउने तयारी सरकारले गरेको छ।

सहरी विकास मन्त्रालय मातहतको एकीकृत बाग्मती सभ्यता विकास समितिका सदस्य सचिव मच्चाकाजी महर्जनका अनुसार यतिबेला हटाइएका बस्तीमा भग्नावशेषहरू पन्छाउने काम भइरहेको छ । 'खाली गरिएका बस्तीमा हाल ईंटा, ढुंगा, बालुवा, कंक्रिट जस्ता गेग्रान पन्छाउने काम भइरहेको छ । थापाथलीमा करिब-करिब पन्छाइसकेका छौं । यतिबेला गैरीगाउँ, शान्तिनगर, तथा वंशीघाटमा पन्छाउने काम भइरहेको छ', महर्जनले भने, 'जुन ठाउँमा गेग्रान छ, त्यही ठाउँमा त्यसलाई व्यवस्थापन गर्ने हाम्रो योजना हो । अन्य ठाउँमा लैजानुभन्दा त्यही ठाउँमा राम्रोसँग व्यवस्थापन गर्ने गरिरहेका छौं ।' उनका अनुसार मनोहराको हकमा भने काठमाडौं उपत्यका विकास प्राधिकरणअन्तर्गत जग्गा एकीकरण विकास आयोजनाले गेग्रान पन्छाउने र अन्य व्यवस्थापन गर्ने जिम्मेवारी लिएको छ।

महर्जनले भने, 'गेग्रान पन्छाइसके पछि हामीले पार्क बनाउँछौं । हरियाली क्षेत्र बढाउँछौं । नदीको बहाव क्षेत्र कम भएको ठाउँमा बहाव क्षेत्र बढाउँछौं । कोरिडोर नपुगेको ठाउँमा करिडोर पुऱ्याउँछौं ।' उनका अनुसार आगामी आर्थिक वर्ष २०८३/८४ को सुरुवातबाटै पार्क तथा नदीको बहाव बढाउने काम सुरु हुने बताए । 'अहिले त्यसका लागि तयारी भइरहेको छ, उनले भने, 'केही ठाउँमा ढल निकासको पनि काम गर्नेछौं ।'



सरकारले काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट हटाइएका सुकुम्बासीलाई बनेपा, नगरकोट, इचंगुनारायणमा लगेको छ । विकास समितिका अनुसार बनेपामा एक सय २०, नगरकोटमा ४९ र इचंगुनारायणमा ९२ जनालाई लगिएको छ । यसैगरी बालाजुका विभिन्न होटलमा २००, राधा स्वामी सत्सङ हलमा २०० तथा भक्तपुर बोडेस्थित कृषि तालिम केन्द्रमा ६० जना सुकुम्बासीलाई राखिएको छ । यसबाहेक अन्य सुकुम्बासी आफ्नो-आफ्नो हिसाबबाट अन्य ठाउँमा गएको विकास समितिका कर्मचारीहरूको भनाइ छ।

सुकुम्बासीको अवस्था बुझ्न र तत्काल समस्या समाधान गर्न विकास समितिका कर्मचारी नेत्रमणि न्यौपानेको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको छ। सुकुम्बासी बस्ती खाली गर्ने क्रममा सरकारले काठमाडौं उपत्यकामा दुई हजार ६ सय ८७ घर-टहरामा डोजर चलाएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंका अनुसार डोजर चलाउँदा हटाइएका संरचनामध्ये आठ सय ९० पक्की र एक हजार सात सय ९७ कच्ची घरटहरा थिए।

प्रशासन कार्यालयले दिएको जानकारी अनुसार सुकुम्बासी बस्ती खाली गर्ने अभियानमा काठमाडौं उपत्यकाका १९ वटा सुकुम्बासी बस्ती खाली गराइएको छ। विवरण अनुसार बस्ती हटाउने अभियानबाट कुल १५ हजार तीन सय १६ जना विस्थापित भएका छन्। विस्थापितमध्ये ६ हजार आठ सय ५८ पुरुष, पाँच हजार तीन सय २५ महिला, एक हजार चार सय ३७ बालक र एक हजार ६ सय ९६ बालिका रहेको प्रशासन कार्यालयले जनाएको छ । करिब दुई हप्ता अघिदेखि सरकारले विभिन्न चरणमा काठमाडौं उपत्यका लगायत देशभरि विभिन्न ठाउँमा डोजर चलाउन सुरु गरेको छ । अतिक्रमित सरकारी जग्गा खाली गराउने अभियान अझै जारी छ।

विस्थापित सुकुम्बासीहरू अहिले विभिन्न ठाउँमा होल्डिङ सेन्टरमा राखिएका छन् । केही सुकुम्बासी होटलमा बसेका छन्। केही भने अर्को ठाउँमा डेरा सरेर गएका छन्।

२०६८ सालमा अधिकार सम्पन्न एकीकृत बाग्मती सभ्यता विकास समितिले अध्ययन गरी तयार पारेको प्रतिवेदनमा काठमाडौं उपत्यकामा तीन हजार चार सय ९६ सुकुम्बासी परिवार रहेको उल्लेख छ। प्रतिवेदनमा काठमाडौंमा मात्र दुई हजार दुई सय ४५ सुकुम्बासी परिवार रहेको विवरण राखिएको थियो । त्यसयता सुकुम्बासी परिवारको संख्या बढेर ६ हजार हाराहारी पुगेको अनुमान गरिएको थियो।

प्रतिवेदनमा थापाथली, सिनामंगल, गैरीगाउँ, शंखमूल, बल्खु, कपन, गोठाटार, कागेश्वरी, मनोहरा टोल, धोबीखोला किनार र विष्णुमती नदी किनारालगायत २२ ठाउँमा सुकुम्बासी बस्ती भएको पहिचान गरिएको छ । यसैगरी काठमाडौं उपत्यका विकास प्राधिकरणका अनुसार प्राधिकरणको तथ्यांक अनुसार थापाथलीमा एक सय ४३, गैरीगाउँमा एक सय ६२, गोठाटारमा ७७, शान्तिनगरमा चार सय ७६ र मनोहरा टोलमा १३ गरी कुल आठ सय ७१ परिवार बस्थे । ती सबै बस्तीमा डोजर चलिसकेको छ।

सहरी विकास तथा भवन निर्माण विभागका अनुसार इचंगुनारायणमा रहेको अपार्टमेन्टले मात्र अब वास्तविक सुकुम्बासीको व्यवस्थापन गर्न सकिने अवस्था छैन। त्यहाँ हाल ४० परिवार ( ९३ जना व्यक्ति) बस्ने गरेका छन् । 'त्यसैले सुकुम्बासीका लागि काठमाडौं उपत्यकामा राख्न अन्य विकल्पमा छलफल भइरहेको छ', विभागका एक कर्मचारीले भने।

धवलागिरिमा मानव स्पर्शको ६६ वर्ष

# सात सय जनाभन्दा बढीद्वारा आरोहण

वासुदेव पौडेल, सन्तोष गौतम
म्याग्दी वैशाख ३०

धवलागिरि हिमालमा मानव पाइला परेको बुधबार ६६ वर्ष पूरा भएको छ।

आठ हजार एक सय ६७ मिटर अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मुदीको भूगोलमा पर्छ। संसारको सातौं अग्लो धवलागिरि हिमाल अवस्थित मुदीमा यस वर्ष पहिलो पटक मङ्गलबारदेखि आरोहण दिवस मनाउन थालिएको जानकारी धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले दिए।

'पहुँच र पहलको कमीले यसअघिका धवलागिरि आरोहण दिवस पोखरा र काठमाडौंमा मनाउने गरिएको थियो', उनले भने, 'धवलागिरि हिमालको पहिचान र म्याग्दीमा रहेको सन्देश प्रवाह गराउन पहिलो पटक सम्बन्धित स्थानमा आरोहण दिवस आयोजना गरिएको हो।'

सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलो पटक यस हिमालको सफल आरोहण गरेका थिए । डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्बर्ट, निमा दोर्जे र नवाङ दोर्जे पहिलो पटक धवलागिरिको चुचुरोमा पुगेका थिए।



म्याग्दीको धवलागिरि गाउँपालिका-४ मुदीमा ६६औं धौलागिरि हिमाल आरोहण दिवस मनाउन आएका पाहुनालाई स्वागत गर्दै स्थानीयवासी। तस्बिर : सन्तोष गौतम/नागरिक

गण्डकी प्रदेशको पर्यटन तथा उद्योग मन्त्रालय, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहयोग र धवलागिरि गाउँपालिकाको समन्वयमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीको आयोजनामा धवलागिरिको फेदीमा रहेको मुदीमा दिवस मनाउन लागिएको हो।

गण्डकी प्रदेशका पर्यटन तथा उद्योगमन्त्री यशोदा रिमाल, म्याग्दी १ (१) बाट निर्वाचित प्रदेशसभा सदस्य रेशमबहादुर जुजाली, धवलागिरिका अध्यक्ष प्रेमप्रसाद पुन, मालिकाका अध्यक्ष वेगप्रसाद गर्बुजा, धवलागिरिका उपाध्यक्ष रेशम पुनमगर, पर्यटन मन्त्रालयका उपसचिव टीकाराम पौडेल, पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछाने, टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यसहितका अतिथिहरूलाई स्थानीयवासीले बाजागाजासहित स्वागत गरेका थिए।

मुदीका वडाध्यक्ष यामप्रसाद घर्तीले गाउँपालिकाको केन्द्र मुनासम्म गाडीबाट पुगेका अतिथिहरूले त्यहाँदेखि पदयात्रा गरेर मुदी पुगेका बताए । उनका अनुसार सम्बन्धित भूगोलमा धवलागिरि आरोहण दिवस मनाउनुपर्ने स्थानीयवासको माग पूरा भएकामा मुदीवासी खुसी भएका छन्।

आरोहण दिवसका अवसरमा बुधबार मुदीमा धवलागिरि आरोहीहरूलाई सम्मान र अन्तरसंवाद कार्यक्रम आयोजना गरिएको टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले बताए । 'धवलागिरि हिमाल आरोहणलाई जोखिमयुक्त पनि मानिन्छ, उनले भने, 'यहाँको भूबनोट र हावापानी अनौठो छ, आधाआधा घण्टामा मौसम बदलिइरहने भएकाले धवलागिरि आरोहणलाई पर्वतारोहण क्षेत्रमा साहसिक मानिन्छ।'

धवलागिरि हिमाल आरोहणबापत यस याममा सरकारले एक करोड ३४ लाख ५४ हजार ५५० सलामी दस्तुर सङ्कलन गरेको छ । यस यामका लागि कुल चार समूहमा १८ पुरुष र १२ महिला गरी ३० जनाले धवलागिरि आरोहणका लागि अनुमति लिएका पर्यटन विभागका निर्देशक निशा थापा राउतले बताइन्।

अघिल्लो याममा यो हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका थिए । पर्यटन विभागका अभिलेखअनुसार ६६ वर्षको अवधिमा सात सय जनाभन्दा बढीले धवलागिरि हिमाल आरोहण गरेका छन्।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले धवलागिरि हिमाललाई पर्यटकीय रूपमा अपेक्षित उपयोग हुन नसकेकोप्रति सरोकारवाला सबै गम्भीर बन्नुपर्ने बताए। हिमालसँग जोडिएका गाउँहरूको पर्यटन प्रवर्धन होस् भन्ने उद्देश्यले ६६औं धवलागिरि दिवस यहाँको मुदी गाउँमा मनाउन लागिएको उनले बताए।

# सर्वोच्चको आदेशपछि मध्यपहाडी राजमार्गको काम सुरु

गोविन्द केसी
वीरेन्द्रनगर, वैशाख ३०

सर्वोच्च अदालतको आदेशपछि लामो समयदेखि काम रोकिएको मध्यपहाडी राजमार्गअन्तर्गत दैलेखको जाहारकोट-माल्ली सडक खण्डको काम सुरु भएको छ । राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने यो सडक खण्डमा निजी जग्गा बढी पर्ने भन्दै विवादित भएका कारण निर्माण कार्य रोकिएको थियो।

यो विवादको जड भने सडक विस्तारका क्रममा पर्ने जग्गाको क्षतिपूर्ति सम्बन्धी रहेको थियो । नारायण नगरपालिका-२ अन्तर्गत पर्ने करिब दुई सय ६० मिटर क्षेत्रमा सडक स्तरोन्नति तथा कालोपत्र गर्ने क्रममा जग्गाधनीले आफूहरूको जग्गा प्रयोग गरिए पनि उचित क्षतिपूर्ति नदिएको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।



रिट दर्तापछि २०७८ चैत ९ गते सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै तत्काल निर्माण नगर्न निर्देशन दिएको थियो। त्यसपछि जाहारकोट-मल्ली खण्डको काम पूर्ण रूपमा प्रभावित बन्यो । सडक निर्माण रोकिएपछि निर्माण कम्पनीले उपकरण फिर्ता लगेको थियो। जसका कारण लामो समयसम्म स्थानीयले धुलाम्मे, हिलाम्मे र जोखिमपूर्ण सडक प्रयोग गर्न बाध्य भएका थिए।

मुद्दा विचाराधीन रहेकाले लामो समयसम्म काम अघि बढाउन नसके पनि अब अदालतले रिट खारेज गरेसँगै कालोपत्र गर्ने काम अघि बढेको पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय दैलेखका योजना प्रमुख इन्जिनियर निरञ्जन थापाले बताए । अदालतको निर्णयसँगै अहिले उक्त सडकखण्डमा स्तरोन्नति र कालोपत्र गर्ने कार्य तीव्र बनाइएको छ।

मध्यपहाडी राजमार्ग नेपालको पहाडी भूभागलाई पूर्वदेखि पश्चिमसम्म जोड्ने राष्ट्रिय गौरवको आयोजना हो । दैलेखमा मात्रै करिब एक सय २५ किलोमिटर सडक खण्ड छ । विवादित यो सडक खण्ड निर्माणसँगै दैलेखमा मध्यपहाडी राजमार्गले पूर्णता पाउनेछ । त्यस्तै पश्चिममा जाजरकोट खण्डको मन्ता भिरमा ट्र्याक खोल्न नसकदा वैकल्पिक योजनाहरू अघि सारिएको छ भने जाजरकोट रुकुमपश्चिम जोड्ने भेरी नदीमाथि बन्न लागेको पुलमा ठेकेदारले काम गर्न नसक्दा ब्ल्याक लिष्टमा राखिएसँगै नयाँ ठेक्का प्रक्रियामा गएको हो । यी दुई स्थानमा ट्र्याक खोलिएपछि पश्चिममा मध्यपहाडीले पूर्णता पाउने छ।


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति २०८३/०१/३१ गते नागरिक दैनिक

यस विकास बैंकको शाखा कार्यालय बहुर, नुवाकोटबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिनु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएकाले उक्त ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित घर/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरूले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ। ती शर्तहरू यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरूलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहिँ कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरूको अन्य चल अचल जायजेथा वा सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८३/०२/१४ गते स्थान : शाखा कार्यालय बहुर, नुवाकोट**

**बोलपत्र खोलिने मिति/समय**
**२०८३/०२/१८ गते, सोमबार दिनको ३ बजे**

| क्र.सं | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | नाम : भरत लाल चित्रकार<br>ना.प्र.नं. २३९/०३३ जारी मिति: २०३३/०१/०६<br>पिताको नाम : हर्ष नारायण चित्रकार, बाजेको नाम : मन नारायण चित्रकार<br>ठेगाना: जिलिङ-३, नुवाकोट<br>हालको ठेगाना: बेलकोटगढि-८, नुवाकोट |
| | **व्यक्तिगत जमानतकर्ताहरूको विवरण** |
| | १. नाम : दिपक लाल चित्रकार<br>ना.प्र.नं. ३८४७४/१२४६<br>जारी मिति: २०४१/०८/२५<br>पिताको नाम : भरत लाल चित्रकार<br>बाजेको नाम : हर्ष नारायण चित्रकार<br>ठेगाना: जिलिङ-३, नुवाकोट<br>हालको ठेगाना: बेलकोटगढि-८, नुवाकोट |
| | २. नाम : राजेन्द्र चित्रकार<br>ना.प्र.नं. ६२६८३ जारी मिति: २०५६/०८/०८<br>पिताको नाम : भरत लाल चित्रकार<br>बाजेको नाम : हर्ष नारायण चित्रकार<br>ठेगाना: जिलिङ-३, नुवाकोट<br>हालको ठेगाना: बेलकोटगढि-८, नुवाकोट |
| | ३. नाम : गोपाल लाल चित्रकार<br>ना.प्र.नं. ३६५०० जारी मिति: २०४७/०८/०७<br>पिताको नाम : भरत लाल चित्रकार, बाजेको नाम : हर्ष नारायण चित्रकार<br>ठेगाना: जिलिङ-३, नुवाकोट<br>हालको ठेगाना: बेलकोटगढि-८, नुवाकोट |
| | **धितोमा रहेको सम्पत्तिको विवरण** |
| | ऋणी भरतलाल चित्रकारको नाममा दर्ता कायम रहेको जिलिङ-१, नुवाकोट स्थित कित्ता नं २८४९, र २४३१ को क्षेत्रफल ४-२-०-१,र ०-१०-२-१ र जिलिङ-३, नुवाकोट स्थित कित्ता नं ९६१,९६३,९५२ र ८५६ को क्षेत्रफल १-१२-२-१,२-०-२-१,१-१४-३-२ र २-०-१-१ मा बनेको जगगाघर तथा सम्पूर्ण हितहितापात समेत, ........ । |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ८, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-४९६६०५-१२
शाखा कार्यालय : बहुर, नुवाकोट फोन नं. ०१०-४९९५७७, ४९९७७८
website: www.jbbl.com.np, Email: info@jbbl.com.np



Aim Act Achieve

JCI Nepal

## भावपुर्ण श्रद्धाञ्जली



स्व. सन्तोष रिजाल

विराटनगर जेसीजका पुर्व अध्यक्ष तथा नेपाल जेसीजका अभिभावक, नेपाल जेसीज वर्ष- १९९३ का राष्ट्रिय अध्यक्ष, १९९६ का जेसीआई उपाध्यक्ष तथा नेपाल जेसीजको तर्फबाट पहिलो जेसीआई कार्यकारिणी उपाध्यक्ष (१९९८) सिनेटर सन्तोष रिजालज्यू को यहि मिती: २०८३ साल वैशाख १९ गते शनिबारका दिन भएको असामयिक दु:खद निधनको खबरले नेपाल जेसीज परिवार अत्यन्त मर्माहित एवम् स्तब्ध भएका छौं।

यस्तो पीडादायी क्षणमा शोक सन्तप्त परिवारजन प्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

स्वर्गीय सन्तोष रिजालज्यूले राष्ट्रिय तथा अन्तराष्ट्रिय जेसीज अभियानमा पुऱ्याउनुभएको योग्दानको उच्च स्मरण गर्दै दिवंगत आत्माको मोक्ष प्राप्तिको कामना सहित भावपुर्ण श्रद्धाञ्जली प्रकट गर्दछौं ।

सिनेटर उत्तर वापागाँई
अध्यक्ष, बोर्ड अफ ट्रष्टी
एवम् नेपाल जेसीज बोर्ड अफ ट्रष्टी

सिनेटर जीवन कार्की
राष्ट्रिय अध्यक्ष- २०२६
एवम् नेपाल जेसीज परिवार ।



## वर्गीकृत विज्ञापन/डिस्प्ले

**घरजग्गा**

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0

नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा बिक्रीमा: 9841420589

कीर्तिपुर-६, धमाधाई मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

**सम्पर्क**

फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०

**काठ/दाउरा लिलाम बिक्रीको बोलपत्र पेश गरेको सूचना**

पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०१/३१ गते बिहीबार

डिभिजन वन कार्यालय, बर्दियाको स्टाम सहमति अनुसार साल लगायत जातको गोलिया थान ८८१ को ३२३९.१६ घ.फि. काठ र साल लगायत जातको दाउरा १.०० चट्टा दाउरा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

मझुरिहवा सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स.)
बारबर्दिया-२, बर्दिया

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८०।११।१० गते सातदोबाटो देखि बल्खु सम्म जाँदा मेरो निम्न व्यहोरा भएको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु।

नाम: Chandrika Kumari Sah
ठेगाना: Kathmandu-32, Koteswor
रेजिष्ट्रेसन नं. 761826012
सिम्बोल नं. 21801859
सम्पर्क नं. 9765757201

**काठ/दाउरा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८३/०१/३१

श्री कृष्ण बिउरीभिर सा.व.उ.स लेकबेंसी न.पा-५, सुर्खेतको वन क्षेत्रबाट उत्पादित खयर जातको गोलिया काठ १७६ थानको २९२.९१ क्यूफिट काठ जे जस्तो अवस्थामा छ, आफ्नै खर्चमा काटघाटबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक सूचिकृत संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि समूहको कार्यालयमा डिभिजन वन कार्यालय सुर्खेतमा टाँस गरिएको छ।

श्री कृष्ण बिउरीभिर सामुदायिक वन उपभोक्ता समूह
लेकबेंसी नगरपालिका-५, सुर्खेत